नेपाल सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी खप्तड राष्ट्रिय निकुञ्ज क्षेत्रका देहायको चार किल्ला भित्रको क्षेत्रलाई खप्तड राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेकोले यो सूचना प्रकाशन गरेको छ :-

**पूर्व:** बाजुरा जिल्लाको सीमानामा डोगडी हुँदै मार्तडी जाने बाटोमा पर्ने थामको चौताराबाट दक्षिणतर्फ थामको लेकदेखि रिठेको डाँडालाई मुख्य सीमाना मानी पूर्वतर्फ विर्जयामाण्डौं हुँदै ठूलो राललाईभित्र पार्ने गरी विदकालीको बस्तीलाई पनि भित्र पारी नानीगाड (खोला) लाई सीमाना मानी लुग्याना हुँदै काँडाबाट जयबागेश्वरी जाने बाटोलाई सीमाना मानी कंचालीखोलाको झोलुंगे पुल हुँदै दक्षिणतर्फ सैनेडी हुँदै काँडा गा.वि.स. वडा नं. ९ को पैंयापाटा बस्तीलाई भित्र पार्ने गरी कचाली खोलालाई मुख्य सीमाना मानी सिधै बाँसपाटा हुँदै पश्चिमतर्फ सोही गा.वि.स. वडा नं. ५ को कपचुच्चे खेतको जनातोला बस्तीलाई भित्र पारी सिधै दक्षिणतर्फ अएरपानी खोलालाई सीमाना मानी बिचकोट खोला हुँदै सिधै खप्तड गा.वि.स. वडा नं. ३ को बस्तीलाई भित्र पार्ने गरी खाडीगाउँ/सानोखोला हुँदै सोही गा.वि.स. वडा नं. ३ को टम्टागाउँको बस्तीलाई भित्र पारी किमिणे खोला हुँदै खप्तड गा.वि.स.को तोरे छहरादेखि दक्षिणतर्फ देवीस्थान गा.वि.स.को वडा नं. ९ को पातलकोट र गुताटोल भित्र पर्ने गरी साँफे जाने बाटोलाई सीमाना मानी बगासैन हुँदै महाकाली प्रा.वि.सम्म ।

**पश्चिम:** कोइरालाकोट र कोटभैरव गा.वि.स.को सीमाना सेतीधारबाट सिधै पश्चिमतर्फ गुयागाड हुँदै कोटभैरव गा.वि.स.को वडा नं. ८ को सम्पूर्ण बस्तीलाई भित्र पारी दुवालीबाट पारा काट्ने जाम्बांज जाने बाटोलाई सीमाना मानी खुईधार हुँदै पारा काट्ने गा.वि.स.को वडा नं. ८ जाम्वांजको बस्तीलाई भित्र पारी सिधै सोही गा.वि.स. वडा नं. ९ गुरेना बस्तीलाई भित्र पारी सिधै गुरेनाबाट भल्मा जाने बाटोलाई सीमाना मानी सिधै दक्षिणतर्फ दोगडयाको खोला पारी गोत्रडी बस्तीलाई भित्र पार्ने गरी राहदेउ सामुदायिक वन र रातोमाटी हुँदै बुंगो आवादीलाई भित्र पारी नागैराको जंगल हुँदै मल्लो बिसौनाबाट तोलेनी गा.वि.स.को वडा नं. ७ पानीखाल जाने बाटोलाई सीमाना मानी सिधै पश्चिमतर्फ पानीखालको बस्ती सहितलाई भित्र पारी सिलगडी आउने काटे बाटोलाई सीमाना मानी बाटोमै पर्ने हेल्थपोष्ट र गा.वि.स. भवनलाई भित्र पार्ने गरी त्यहाँबाट सिधै सोही गा.वि.स. वडा नं. ५ कमछाडाको गाउँ हुँदै सैलीगाडसम्म त्यहाँबाट काँचली गाउँको बस्तीलाई भित्र पारी सिलगडी आउने बाटो हुँदै रातोमाटी वनलाई भित्र पारी डौड ३ को गडेली वडा नं ३ कुनाकारियाबाट सदरमुकाम जाने बाटो हुँदै घङगारे गाउँलाई भित्र पारी चर्के लेकसम्म ।

**उत्तर:** बझाङ र बाजुराको पूर्वी सीमाना थामको चौताराबाट पश्चिम जाने मुलबाटो हुँदै सिधै गडराय गा.वि.स.को महेश्वरी मा.वि.लाई भित्र पार्ने गरी त्यहाँबाट पाटादेवल आउने मुलबाटो हुँदै माडीचौरसम्म, त्यहाँबाट पश्चिम तल्लो पुजारी गाउँ जाने मुलबाटो हुँदै सिधै दुदिमाणु गाड (खोला) सम्म, त्यहाँबाट तल्लो पुजारीगाउँलाई भित्र पार्ने गरी अगास्या खेत हुँदै पाटादेवल गा.वि.स.को वडा नं. १ को तिउँदेगाउँसम्म त्यहाँबाट राजकोट जाने मुलबाटो हुँदै सोही गा.वि.स. वडा नं. २ राजकोट गाउँलाई भित्र पार्ने गरी सिधै पश्चिमतर्फ पाडागाउँसम्म, त्यहाँबाट सुतारीगाउँको सार्वजनिक चौर हुँदै कालुखेती गा.वि.स.को वडा नं. ५ र भाटगाउँको बस्तीलाई भित्र पार्ने गरी वालुगाडबाट आउने नहर र त्यसको सिधा पश्चिम जाने बडिकुलोको नहरलाई सीमाना मानी सुनारगाउँलाई भित्र पार्ने गरी सिधै नहरलाई सीमाना मानी खत्रीवाडालाई भित्र पारी पुरानी गाउँका घरहरु भित्र पार्ने गरी सिधै सल्लेरीको मन्दिरलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।